# नेपाल कम्युनिष्ट पार्टीको विधान



## [तृतीय महाधिवेंशनद्वारा पारित]

(२०१६ साल, बैसाख ४ गते देखि १५ गते सम्म)

नेपाल कम्युनिष्ट पार्टी द्वारा प्रकासित

मूल्य १ रुपया

# चतुर्थ महाधिवेशन को निम्ति संशोधन

त्यो पार्टी पार्टी होइन, जसको विधान छैन र तो व्यक्तिहरू जसले पार्टी विधानलाई तोड़ने काम गर्छन्, निम्चय पनि कम्युनिष्ट होइनन् । उनिहरू कम्युनिष्ट पार्टी तोड़-फोड़ गर्न को निम्ति कम्युनिष्ट पार्टी भित्र घुसेका साम्राज्यबाद तथा विश्व प्रतिक्रियावाद को दलालहरू मात्र हुन् । यसै निमित्त कसैले आफुलाई कम्युनिष्ट हुँ भन्ने वित्तिकै कम्युनिष्ट भई जांदैन जब सम्म उनले कम्युनिष्ट पार्टी को विधान लाई मानेर काम गर्ने कबूल गर्दैनन् । पार्टी विधानलाई उल्लङ्घन गर्ने कसै लाई हक हुँदैन । पार्टी विधान लाई तोड़नु पार्टी भित्र सब भन्दा ठूलो अपराध हो र यस्तो व्यक्तिलाई पार्टी ले कार्रवाई गरी पार्टी बाट निकालिन्छ पनि । पार्टी वाट निष्काषित गर्नु नै पार्टी को सबभन्दा ठूलो दण्ड हो ।

आज अनेकौ स्वयम् घोषित कम्युनिष्टहरू छन् । जसलाई पार्टी विधान को कुनै वास्ता छैन, यसै निम्ति मनपरि काम गर्नु र पार्टी लाई टुक्रा-टुक्रा गरी आफ्नो निजी गुटहरू बनाउनु उनिहरू आफ्नो अधिकार सम्भंछन् । स्पष्टतः पार्टी विधानलाई उल्लंघन गरी अथवा पार्टी विधान को वास्ता नगरी, पार्टी अनुशासनलाई भंग गरी हिड़ने व्यक्तिहरू अथवा गुटहरूलाई निश्चय पनि उनिहरूले आफुलाई कम्युनिष्ट भनेता पनि, कम्युनिष्ट हो भनेर भन्न सकिन्न । उनिहरू कम्युनिष्ट पार्टी लाई तोड़न निकलेका प्रतिक्रियावादी तत्वहरू हुन् ।

कम्युनिष्ट पार्टी को विधान कसैले मन परि बनाएर बन्दैन । कम्युनिष्ट पार्टी को बिधान महाधिवेशन ले पास गरे को हुँछ । हर कम्युनिष्ट ले त्यस विधान अन्तरगत काम गर्न करै लाग्छ ।

हाम्रो पार्टी का पहिलेका विधान मा संशोधन गरी तृतीय महाधिवेशनले एक विधान दिएको छ । तृतीय महाधिवेशन स्वयं त्यसभन्दा पहिले को महाधिवेशनले पास गरेको विधान अन्तरगत भएको हो ।

तृतीय महाधिवेशनले पुरानो विधानमा विधानतः संशोधन गरेको थियो । खास गरिकन पुरानो विधानमा केन्द्रिय कमेटी थियो भने तृतीय महाधिवेशन ले यसमा संशोधन गरी यसको सट्टा राष्ट्रीय परिषद बनाएको थियो ।

तर तृतीय महाधिवेशन देखि आज सम्म को अनुभव ले बतायो नेपाल को आजको गैर-वैधानिक अवस्थामा, नेपाल को गरीबी हालत, यातायात को असुविधा इत्यादिले गर्दा आज राष्ट्रीय परिषद् जस्तो धेरै सदस्यहरू भएको समिति अव्यवहारिक हो ।

यसै निम्ति तृतीय महाधिवेशनको तुरन्त पछि बसेको राष्ट्रीय परिषद को बैठक बाहेक यस पछि अनेक कोशिश को बावजूद राष्ट्रीय परिषदको बैठक को कोरम कहिल्यै पूरा भएन । यसै कारण राष्ट्रीय परिषदको बैठक हर बखत असफल रहयो ।

पार्टी महाधिवेशन बोलाउने अधिकार राष्ट्रीय परिषद संग भएको र रार्ष्ट्रीय परिषद को बैठक बस्न नसकेकोले पार्टी को विस्तारित बैठक गरी यस बैठकले चतुर्थ महाधिवेशन बोलाउने निर्णय लिएको थियो ।

तर पार्टी भित्र लुकेका औसरवादी तत्वले यो बृहद बैठक पनि कहिल्यै हुन दिएनन्, र पार्टी विधानलाई तोड़ी आ-आफ्नो मन परि गुटहरू बनाएर काम गर्न थाले ।

स्पष्टतः राष्ट्रीय परिषद जस्तो महत्वपूर्ण समितिको बैठक वस्न न सक्नु नै पार्टी छिन्न-भिन्न हुन को एक कारण भएकोछ । तसर्थ हाल चतुर्थ महाधिसेशन सम्म तृतीय महाधिवेशन ले दिएको विधान अन्तरगत काम गरी चतुर्थ महाधिवेशन मा पास गराउन को निमित्त निम्न संशोधनहरू प्रस्तुत गरिएको छ ।

धारा २ को उपधारा (छ) थपी यस धारामा- लेखिनेछ, "पार्टी भित्र को अनुशासन, पार्टी कार्यमा लगन र पार्टी को मूल सिद्धान्त



मार्क्सवाद-लेनिनवाद प्रति आस्था हेरी सदस्यता प्रदान गरिनेछ ।

धारा ८ को उपधारा (क) मा राष्ट्रिय परिषद, राष्ट्रीय कार्यकारिणी समिति को ठाउँमा केन्द्रिय समिति, पालित ब्यूरो रहने छ ।

धारा ९ को उपधारा (क) मा "राष्ट्रीय परिषद को" सट्टा केन्द्रिय समिति रहने छ ।

धारा १४ को बुँदा (ख)मा "राष्ट्रीय परिषद" को सट्टा "केन्द्रिय समिति" रहनेछ । बुँदा (ग)मा "राष्ट्रीय परिषद" को सट्टा" केन्द्रिय समित रहेनेछ ।

धारा २० (ई) मा "राष्ट्रीय परिषदको" सट्टा "केन्द्रिय समिति" हुनेछ । उपधारा (उ) को खण्ड (ख) र (ध) मा जहाँ राष्ट्रीय परिषद रहेका छन् वहाँ केन्द्रीय समिति लेखिनेछ ।

धारा २९ को उपधाराहरू मा जहाँ जहाँ राष्ट्रीय परिषद छन् वहां वहां केन्द्रीय समिति लेखिनेछ ।

धारा २२ (ज) मा आठ को सट्टा ७ राखिनेछ ।

धारा २२ मा राष्ट्रीय कार्यकारिणी को सट्टा "पालिट ब्यूरो" हुनेछ ।

धारा २२ को उपधारा (क) मा लेखिनेछ, दुई केन्द्रीय समिति को बैठक को बीच "पालिट ब्युरो" ले केन्द्रीय समितिको प्रतिनिधित्व गरी काम गर्ने छ र केन्द्रीय समिति को निर्णयलाई लागु गर्नेछ ।

(ग) र (घ) खारेज हुनेछ ।

धारा (२३) मा जहाँ-जहां राष्ट्रीय परिषद लेखिएकोछ, वहाँ केन्द्रिय समिति हुनेछ ।

धारा २४ को उपधारा (ई) मा राष्ट्रीय परिषद को बदला केन्द्रीय समिति हुनेछ ।

धारा २४ को (ख) मा पनि राष्ट्रीय परिषद को सट्टा केन्द्रीय समिति हुनेछ ।

धारा ३७ मा लेखिएको "दस" को सट्टा २५ लेखिनेछ ।

# तृतीय महाधिवेशनले पास गरेको

# नेपाल कम्युनिष्ट पार्टीको विधान

✲✲✲✲

## प्रस्तावना

नेपाल कम्युनिष्ट पार्टी नेपालको सबभन्दा क्रान्तिकारी वर्ग मेहनतकशवर्ग अर्थात् मजदूर तथा किसानवर्गको पार्टी हो र यी वर्गहरूको सबभन्दा अगूवा र उसको वर्गीय संगठनको सर्वश्रेष्ठ स्वरूप हो। पार्टीले देशका प्रगतिशील तथा चेतनशील जनता, बुद्धीजीवी र देशभक्तहरूलाई स्वेच्छाको आधारमा संगठित गर्नेछ। पार्टीको मुख्य उद्देश्य, नेपालमा समाजवाद र साम्यवादको स्थापना गर्नु हो। नेपाल कम्युनिष्ट पार्टीको जन्म त्यस बेला भएको हो जब देशमा सामन्ती व्यवस्था र एकतंत्रीय जहानिया शासन थियो र जनता उक्त व्यवस्थाको जांतो मुनि पिसिरहेका थिए। उस वेला देखि आजसम्म देशमा प्रजातन्त्रको बलियो जगवसाली प्रजातन्त्रको सर्वतोमुखी विकाश गराउन पार्टीले बराबर संघर्ष गर्दै आएकोछ। नेपालमा सही राष्ट्रवादी भावना जगाउन पार्टीले साम्राज्यवादी, उपनिवेशवादी, नयाँ उपनिवेशवाद र विदेशी हस्तक्षेपको विरुद्ध डटेर आन्दोलन गरेकोछ। सामन्तयुगीन सामाजिक व्यवस्थाको अन्तर्गत ठुला ठुला किसान मजदूर आन्दोलनको नेतृत्व गरी पार्टीले तमाम जनताको विश्वास प्राप्त गरेकोछ। नेपाल कम्युनिस्ट पार्टीको सारा कार्यक्रम र नीति मार्क्सवाद-लेनिनवादमा आधारित हुनेछ। मार्क्सवाद-लेनिनवादले नै समाजवाद औ साम्यवाद प्राप्तिको निम्ति



समाज विकासको सहीबाटो देखाउँछ। समाजवाद र साम्यवादको स्थापनाको लागि वास्तविकताको आधारमा अगि बढ्नु पर्छ औ संघर्ष बाट उत्पन्न भएको समस्याको हल गर्न मार्क्सवाद लेनिनबादको सिद्धान्तलाई नेपालको इतिहास, नेपालको राष्ट्रिय विशेषताहरू औ नेपाली जनताको सर्वोत्तम परम्पराको वास्ता राख्दै मार्क्सवाद लेनिनवादको सिद्धान्तलाई नेपाली परिस्थितिहरूमा लागुगरी आफ्नो नीति तय गर्नेछ औ मार्क्सवाद लेनिनवादको लगातार विकास गर्नेछ। आज हाम्रो देशको मूलभूत समस्या किसानलाई जमिनको मालिक बनाउनु र स्वतन्त्र राष्ट्रिय पूँजीको सर्वाङ्गिक विकास गर्नु हो। आज देशको मुलभूत समस्याको समाधान गर्न एकमात्र सही र व्यवहारिक कार्यक्रम राष्ट्रिय प्रजातन्त्र हो। जसमा क्रान्तिकारी भूमि सुधार गरियर सामन्ती व्यवस्थाको अंत गर्नु, राष्ट्रिय पूँजीको विकास गरी द्रुत गतिले देशको औद्योगिकरण गर्नु, गोरखा भर्ती केन्द्र जस्ता साम्राज्यवादी अवरोधलाई समाप्त गर्नु, सारा असमान सन्धिहरूलाई समाप्त गर्नु, पंचशीलमा आधारित क्रियाशील तटस्थ वैदेशिक नीतिको प्रतिपादन र अनुशरण गरी साम्राज्यवाद, उपनिवेशवाद, [Neo-colonialism]नयां-उपनिवेशवादको विरोध गर्नु, सारा राज्यशक्ति जनतामा हस्तान्तरित गरी देशको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदिलाई पूर्ण प्रजातान्त्रिकरण गर्नु, राष्ट्रियता को बृद्धि गरी सार्वभौमिकतालाई सुदृढ़ गर्नु र सबै प्रकारको विदेशी हस्तक्षेपको पूर्ण समाप्ति गर्नु। उक्त उद्देश्य हासिल गर्न देशमा राष्ट्रिय प्रजातन्त्रको स्थापना गरिनु पर्छ अनि समाजवाद र साम्यवादको लक्ष्य प्राप्त हुनेछ।

नेपाल कम्युनिष्ट पार्टी विश्वशान्तिको लागि विश्वको तमाम देशहरूको बीच सह-अस्तित्वको पांच सिद्धान्तको आधारमा आधारित वैदेशिक नीतिको प्रतिपादन गर्नेछ। नेपालको कम्युनिष्ट आन्दोलन अन्तर्रास्ट्रिय कम्युनिस्ट मजदूर आन्दोलनको एक अभिन्न अंग भएकोले मार्क्सवादी लेनिनवादी सर्वहारा अन्तर्रास्ट्रवाद को सिद्धान्तको दृड़ता साथ अवलोकन र समर्थन गर्दै अन्तर्रास्ट्रिय भाइचारा र एकता कायम गर्न सतत: प्रयास गर्नेछ।

नेपाल कम्युनिष्ट पार्टीको संगठनको नीति जनवादी केन्द्रीयतामा आधारित रहनेछ। जनवादी केन्द्रीयताको माने, जनवादको आधारमा केन्द्रीयता र केन्द्रीयताको पथ प्रदर्शन (निर्देशन) मा जनवाद हो। पार्टीभित्र जनवादलाई सही तरिकाले प्रोत्साहन दिनु पर्छ जसले गर्दा प्राथमिक संगठनदेखि केन्द्रिय संगठनसम्म आपस्तमा जीवित सम्बन्ध रहोस् र तमाम सदस्य र पार्टी संगठनको गुण—योग्यताको विकास हुन सकोस्। पार्टीभित्र सामुहिक नेतृत्व र व्यक्तिगत जिम्मेदारीको नीति रहनेछ। नेपाल कम्युनिष्ट पार्टी नेपालको क्रान्तिकारीवर्गको अगुवा र सँघर्षशील पार्टी भएकोले सारा सदस्य र पार्टी सँगठनले सचेत र कड़ा अनुशासन मान्नु पर्छ। भूल मानिसबाटै हुन्छ। काम गर्दा देखापरेको भूल र कमजोरीलाई आलोचना र आत्मालोचना गरी अफुलाई योग्य मार्क्सवादी-लेनिनवादी अनुशासित कम्युनिस्ट बनाउनु पर्छ। पार्टीको रचनात्मक अलोचना र आत्मालोचनालाई प्रोत्साहित गर्नु पर्छ।

पार्टी एकतानै शक्तिको स्रोत हो। पूँजीवादी, निम्न पूँजीवादी र सामन्ती प्रवृत्ति, विचार र काम गर्ने तरिका बाट हुने क्रमिक ह्रासबाट पार्टीलाई बचाई पार्टीभित्र रहेको दक्षिणपन्थी सुधारवाद र बामपन्थी औसरबाद-बाट पार्टीलाई सदा रक्षा गर्नु पर्छ। पार्टी एकता र अखण्डतालाई प्राणभन्दा प्यारो मानीकन यसको विरोधी कार्यवाहीहरू गुटबन्दी, पार्टी फुटाउने नीति, सामुहिक नेतृत्वभन्दा व्यत्तिलाई उच्च ठान्ने प्रवृत्ति, पार्टी सिद्धान्त विरोधी कार्यवाही सैद्धान्तिक सुधारवाद र संकीर्णतावाद तथा जड़सूत्रवादको डटेर विरोध गर्नु पर्छ। पार्टीलाई यस्तौ तत्वदेखि बचाउन महत्वपूर्ण प्रश्नहरूमा पार्टी नीतिको व्यापक बहस र विश्लेषण पार्टीभित्र संगठित रूपले गराउने कुरोलाई प्रोत्साहन गर्नु पर्छ। पार्टीको हरेक सदस्यको यो सबभन्दा प्रमुख कर्तव्य हो कि पार्टी एकता र अखण्डताको हर बेला हर बखत बलियो र सुसंगठित राखोस्, हर तरहले रक्षा गरोस्।

नेपाल कम्युनिष्ट पार्टीको तमाम सदस्यहरूले पार्टी स्वार्थलाई व्यक्तिगत स्वार्थभन्दा सर्वोपरी मानी, कड़ा अनुशासनमा रही, कठिन परिश्रम र गहिरो अध्ययन गरी देशमा समाजवाद, साम्यवाद स्थापना गर्न प्रतिज्ञाबद्ध रहनेछन्।



### भाग १

## नाम झण्डा र चिन्ह

धारा १—नाम झण्डा र चिह्न :—

(क) यस पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी रहनेछ। छोट-करीमा ने० क० पा० हुनेछ। यस पछि विधानमा खालि पार्टी लेखिनेछ।

(ख) पार्टीको झण्डा रातो भूईमा हँसिया र हठौड़ा देब्रेपट्टिको माथितर कुनामा खप्टिएको हुनेछ। झण्डाको नाप २:३ को अनुपातमा हुनेछ।

(ग) पार्टीको चिह्न रातो भूईमा हँसिया र हथौडा खप्टिएको हुनेछ र तलतिर "नेपाल कम्युनिष्ट पार्टी" लेखिनेछ।

### भाग दुई

## सदस्यता, अधिकार र कर्तव्य

धारा २—सदस्यता र सदस्यताको नियम :—

(क) पार्टीको विधान, नीति र कार्यक्रम मानी मार्क्सवादी लेनिनवादी विश्व दृष्टिकोण अपनाउने, सदस्य शुल्क तिरी कुनै संगठनमा रही काम गर्ने अठार वर्ष पुगेको कुनै पनि नेपालको नागरिक सदस्य हुन सक्नेछ।

(ख) सदस्यता पाउनुभंदा पहिले सामन्त-वर्गबाट आएकाले डेढ़ वर्ष, राष्ट्रिय पूँजीपति-वर्गबाट आएकाले १ वर्ष, उच्च मध्यम-वर्गबाट आएकाले नौ महिना, मध्यम-वर्गवाट आएकाले ६ महिना र निम्न-मध्यम, मजदूर तथा किसान-वर्गबाट आएकाले तीन महिना सम्म समर्थक भै पार्टी अनुशासन मानी पार्टीले खटाएको कुनै पनि संगठनमा वसी काम गरेको हुन पर्छ ।

(ग) सदस्यताको लागि आवेदन गर्दा पार्टी द्वारा प्रेषित दर्खास्तमा आफ्नो विचारधारा, चालचलन, राजनैतिक जीवन आदिको छोटकरि विवरण लेखी दुईजना सदस्यको सिफारिश साथ सम्बन्धित समितिमा दिनु पर्छ ।

(घ) अरु राजनैतिक पार्टीको सदस्यलाई सदस्यता दिंदा साधारण नियमानुसार उसको स्तर हेरी पार्टीको त्यस्तै स्तरको समितिले सदस्यता दिनेछ ।

(च) परिस्थितिवश पार्टीवाट असम्बन्धित भै सदस्यताबाट वंचित भएका व्यक्तिबाट सन्तोषजनक सफाई लिईसकेपछि मात्र पुनः सदस्यता दिइनेछ ।

(छ) अनुशासनमा परेको व्यक्तिलाई अनुशासनलिने समितिले वा उक्त समितिद्वारा निर्देशित समितिले सदस्यता दिन सक्नेछ ।

(ञ) पार्टी सदस्यताप्रदान गर्ने अधिकारप्राप्त संगठनले दिएको सदस्यता नेपाल भरको सदस्यता मानिनेछ ।

धारा ३—उम्मेदवार सदस्य :—

[क] पार्टी सदस्यताको लागि आवेदन गर्ने व्यक्तिले पार्टी जीवन राम्ररी जान्न, मार्क्सवाद-लेनिनवादको गहिरो अध्ययन गर्न तोकिएको समय सम्म उम्मेदवार सदस्य भै कामगरेको हुनुपर्छ ।

आवेदन-पत्र सम्बन्धित समितिले स्वीकार गरेको मिति देखि उम्मेदवार सदस्य मानिनेछ ।

[ख] उम्मेदवार सदस्यले पूरा सदस्यता पाउनु भंदा अगाडि पार्टी द्वारा निर्धारित पार्टी पाठ्यक्रम पढनुनै पर्छ । पार्टीद्वारा आयोजित पार्टी तालिममा भागलिनै पर्छ ।

[ग] उम्मेदवार सदस्यले पूरा सदस्य सरह नै सदस्य शुल्क तिर्नु पर्छ ।

[घ] उम्मेदवार सदस्यले पार्टीले खटाएको हरेक काम कार्यवाहीमा भाग ली सदस्यताको कर्तव्य पूरा गर्नु पर्छ तर कुनै विषयमा मत दिने र चुन्ने वा चुनिने अधिकार हुनेछैन ।

धारा ४—सदस्यका कर्तव्यहरू :—

[क] पार्टीद्वारा निर्धारित पाठ्यक्रम र मार्क्सवाद-लेनिनवादको गहिरो अध्ययन गरी आफ्नो सैद्धान्तिक स्तर उठाउनु ।

[ख] देशको अखण्डता, सार्वभौमिकता र एकताको रक्षा गरी अन्तर्राष्ट्रिय मजदूर भाइचाराको भावना उठाउनु ।

[ग] पार्टी एकता र अखण्डतालाई हरतरहले कायम राख्नु ।

[घ] पार्टी विधानलाई सर्वोच्च मानी कड़ा अनुशासनमा रहनु, कम्युनिष्ट नैतिकतालाई पालन गरी पार्टीको नीति र फैसलालाई उत्साह साथ पूरा गर्नु ।

[ङ] जनताको सेवा गर्नु, उनीहरूको साथमा पार्टीको गहिरो सम्बन्ध कायम गर्नु, उनीहरूको आवश्यकतालाई बुझेर समयमानै पार्टी लाई सूचित गर्नु र उनीहरूलाई पार्टीको नीति सम्झाउनु ।

[च] आलोचना र आत्मआलोचना सक्रिय रुपले गरी काम गर्दा रहेको कमजोरी हटाउनु तथा पार्टीभित्र र बाहिर पार्टी र जनताको हितको विरोधी प्रत्येक कुराको डटेर विरोध गर्नु

[छ] व्यक्तिगत र पारिवारिक स्वार्थभन्दा पार्टी स्वार्थलाई सर्वोच्च मान्नु ।

[ज] आफ्नो सम्बन्धित पार्टी समितिको बैठकमा नियमित रूपले भाग लिनु ।

धारा ५–सदस्यका अधिकारहरू :–

[क] पार्टीले निर्णय लिनु भन्दा पहिले स्थानीय, राष्ट्रिय या अन्तर्राष्ट्रिय समस्यामा आफ्नो सम्बन्धित समितिमा विचार व्यक्त गर्नु ।

[ख] पार्टी प्रकाशनहरूमा पार्टीको नीतिको विरोधमा नगरै लेखादि प्रकाशित गर्नु ।

[ग] केन्द्र द्वारा चलाइएको पार्टी फोरममा भाग लिनु ।

[घ] पार्टीको कुनै संगठनदेखि केन्द्रीय संगठनसम्मलाई सुझाउ दिनु, उजुर र अपील गर्नु ।

[च] पार्टी समितिको बैठक, सम्मेलन र महाअधिवेशनमा कुनै पार्टी सदस्य या संगठनको आलोचना गर्नु र ।

[छ] अनूशासनको कार्यवांही हुँदा आफ्नो सम्बन्धित समितिमा उपस्थित हुनु ।

## भाग तीन

# पार्टीको संगठनात्मक नीति र संगठनात्मक स्वरूप

धारा ६–पार्टीको संगठन जनवादी केन्द्रीयताको आधारमा संगठित छ । जनवादी केन्द्रीयताको माने हो, जनवादको आधारमा केन्द्रीयता र केन्द्रीय नेतृत्वको पथ प्रदर्शनमा जनवाद ।

[क] यसका मूलभूत आधार तल लेखिएका हुन् :–पार्टीको सारा नेतृत्वदायी समितिहरू चुनाउद्वारा गठित हुने छन् ।

[ख] पार्टीको नेतृत्वदायी समितिले निम्न समितिहरूलाई आफ्नो कार्यविधिको सिंहावलोकनात्मक विवरण पठाउनेछ । निम्न समितिहरूले आफ्नो कामको विवरण उच्च समितिलाई दिनु पर्छ र उच्च समितिले



समयमानै सल्लाह र आदेश दिनु पर्छ ।

[ग] पार्टीको अनूशासन कड़ासाथ मान्नु पर्छ र पार्टी फैसला बिना शर्त मान्नु पर्छ ।

[घ] प्रत्येक सदस्यले आफ्नो समितिको फैसला मान्नु पर्छ । तल्लो संगठनले माथिल्लो संगठन र अल्पमतले बहुमतको फैसला मान्नुनै पर्छ । बहुमतद्वारा अल्पमतको कदर गरिनु पर्छ ।

[ङ] पार्टीको तमाम संगठनहरूमा सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेदारीको नीति रहनेछ । हरेक निर्णय सामूहिक रूपले लिइनेछ र हरेक व्यक्ति उक्त निर्णय पूरा गर्न व्यक्तिगत रूपले जिम्मेदार रहनेछ ।

धारा ७–पार्टीले आफ्नो संगठन मिलाउँदा सरकारको प्रशाशकीय इलाका चौध अञ्चल र पचहत्तर जिल्लाहरूलाई दृष्टिकोणमा राख्नेछ । तर यी संगठनहरू संगठन गर्दा पार्टीको स्थिति र सुविधालाई ध्यानमा राखेर नै व्यवहारमा ल्याइनेछ ।

[क] कुनै ठाउमा नयां संगठन गर्दा या विघटन गर्दा आफूभन्दा माथिको संगठनको स्वीकृति लिनु पर्छ ।

[ख] जिल्ला संगठनको मान्यता प्राप्त गर्न कम से कम पच्चीस सदस्य र तीन एरिया समितिहरू हुनै पर्छ । नभए उक्त समिति अञ्चलीय सँगठनको मातहत रहनेछ ।

धारा ८–पार्टीको सँगठनात्मक-स्वरूप यस प्रकारको हुने छः–

क–नेपाल राज्य भरको लागि : अखिल नेपाल पार्टी महाधिवेशन, राष्ट्रिय परिषद, केन्द्रिय कार्यकारिणी समिति र मन्त्री परिषद ।

ख–अञ्चलको लागि : अञ्चलीय सम्मेलन, अञ्चलीय समिति र मन्त्री परिषद ।

ग–जिल्लाको लागि : जिल्ला सम्मेलन, जिल्ला समिति र मन्त्री परिषद ।

घ–एरिया शहर र गाउँको लागि : एरिया शहर र गाउँ साधारण सभा र एरिया, शहर र गाउँ समिति ।

ङ–कल-कारखाना, टोल, शिक्षण-सँस्थाहरू आदिमा आफ्नो साधारण सभा र समिति ।

धारा ९–पार्टीको उच्च स्तरीय सर्वोच्च सँगठनहरू :–

क–दुई महाधिवेशनको बीच महाधिवेशनले चुनेको राष्ट्रिय परिषद सर्वोच्च संगठन हुनेछ ।

ख–अरु स्तरमा दुई सम्मेलन र साधारण सभाको बीच सम्मेलन या साधारण सभाले चुनेको समिति सर्वोच्च सँगठन रहने छ ।

धारा १०—पार्टीको सबै नेतृत्वदायी समितिहरू गुप्तमतदान द्वारा चुनिने छन् । चुनाउभन्दा पहिले उम्मेदवारहरूको सूचि सम्बन्धित समितिले पेश गर्नेछ । त्यस सूचिमा घटाउने बढाउने या अदलबदल गर्ने र उम्मेदवारहरूको आलोचना गर्ने अधिकार प्रतिनिधिहरूलाई प्राप्त हुनेछ ।

धारा ११—परिस्थितिवस पार्टीको साधारण सभा सम्मेलन या महाधिवेशन हुन नसक्ने स्थितिमा नेतृत्वदायी समितिको चुनाउ प्रतिनिधि सभाले गर्नेछ । प्रतिनिधि सभा पनि बोलाउन नसक्ने स्थितिमा माथिल्लो समितिले तल्लो नेतृत्व दिने समिति नियुक्त गर्नेछ ।

धारा १२—कुनै विषयमा पार्टीले फैसला लिनु भन्दा पहिले प्रत्येक पार्टी सदस्यले र संगठनले पार्टीभित्र वहस गर्न र आफ्नो विचार प्रकट गर्न सक्दछ । सो विषयमा फैसला भैसकेपछि असन्तोष भएमा फैसलाको विरुद्ध माथिल्लो समितिमा अपिल गरेर अन्तरपार्टी सँघर्ष चलाउनुहुन्छ । तर सो विषयमा फैसला भैसकेपछि बिना शर्त त्यसको पालना गर्नुपर्छ ।

धारा १३—पार्टीको नेतृत्वदायी समितिले हरेक काम पार्टी भित्र जनवादी केन्द्रीयताको सिद्धान्त अनुसार गर्नु पर्छ । यस्तै किसिमलेनै पार्टी सदस्यहरूको रचनात्मक बुद्धिको विकाश हुनेछ औ क्रान्तिकारी कदम अधि वढ्नेछ । पार्टीभित्र यान्त्रिक अनुशासनको ठाँउमा सचेत र सही अनुशासन हुनेछ । पार्टीको नेतृत्व ठीक हुनेछ । जनवादको आधारमा गठित केन्द्रीयता बलीयो हुनेछ ।



धारा १४–पार्टीभित्र जनवादको सही रक्षा होस्, पार्टीको क्रान्तिकारी शक्ति र एकताको ठीक समयमा रक्षा हुन सकोस् ध्वंसात्मक पार्टी विरोधी तत्व र गुटबाजले पार्टीभित्र फुट र नोक्सान ल्याउन र गर्न नसकुन् अथवा मुठीभर व्यक्तिले आफ्नो स्वार्थ सिद्ध गर्नको लागि वहुमतको अनावश्यक फाइदा उठाउन नसकुन् यस्तो स्थितिमा तल लेखिएका अवस्था र शर्तलाई ख्याल राखी अन्तर्राष्ट्रिय, राष्ट्रिय अथवा स्थानीय समस्याहरूमा पार्टी नीतिमा व्यापक वहस र विश्लेषण गर्नुपर्छ । यसको लागि–

[क] प्रसस्त समय हुनुपर्छ ।

[ख] यसको फैसला राष्ट्रिय परिषद अथवा तल्लो समितिहरूको बहुमतले गरेको हुनुपर्छ ।

[ग] राष्ट्रीय परिषदले पार्टीनीति सम्बन्ध कुनै विषयमा पार्टीसंग फेरि सल्लाह गर्न आवश्यक संझनुपर्छ ।

धारा १५–पार्टीको नीतिको आधारमा स्थानीय संगठनहरूलाई स्थानीय समस्यामा फैसला लिने स्वतन्त्रता रहनेछ । तर कुनै राष्ट्रिय या अन्तर्राष्ट्रिय सवालमा जवसम्म केन्द्रीय नेतृत्वदायी समितिले फैसला गर्दैन तवसम्म तलका समितिहरु र त्यसका पदाधिकारीहरुलाई कुनै वक्तव्य दिने अधिकार रहनेछैन । तर आ-आफ्नो समितिमा छल-फल गरी आफ्नो सुझाउ केन्द्रीय नेतृत्व समितिलाई पठाउन सक्दछ ।

धारा १६–पार्टी संगठन को आफ्नो स्तरको विस्तारित सभाको निर्णय त्यस स्तर को समितीको निर्णय भन्दा उच्च हुनेछ ।

धारा १७–पार्टीको विभिन्न स्तर का संगठनले काम चलाउन स्थायी या अस्थायी विभाग आयोग या समिती गठन गर्न सक्दछ ।

धारा १८–विभिन्न स्तर का सम्मेलन र महाअधिवेशन को कार्यवाही कूल सदस्यताको पचास प्रतिशत सदस्यताको प्रतिनिधिहरूको उपस्थितीमा मात्र हुनुपर्छ । राष्ट्रिय परिषद्, राष्ट्रिय कार्यकारिणी

समिती र अरु तल्लो स्तर का समितीहरुको बैठक साधारण बहुमत को उपस्थितीमा हुनेछ ।

धारा १९–कुनै पनि स्तरका नेतृत्व दिने संगठन को निर्वाचित सदस्यहरुमा पचास प्रतिशतले राजिनामा गरेमा या कुनै कारणवश संगठनबाट हटेमा वा हटाइएमा उक्त संगठनको वैधानिकता खतम हुनेछ ।

बांकी सदस्यहरुले त्यस स्तरको अर्को पार्टी नेतृत्व खडा गर्न अस्थायी समितीको रूपमा काम गर्नेछन् ।

## भाग चार

# पार्टी का केंद्रिय संगठनहरू

धारा २०–अखिल नेपाल पार्टी महाअधिवेशन :—

(क) पार्टी महा अधिवेशन पार्टीको सर्वोच्च संगठन हुनेछ । यसको काम र अधिकार निम्न प्रकारका हुनेछन् —

(अ) राष्ट्रिय परिषद्ले पेश गरेको कार्यको विवरणमा छल-फल गरी निर्णय दिनु,

(आ) पार्टीको कार्यक्रमको सिंहावलोकन गरि संसोधन या नयाँ कार्यक्रम बनाउनु र पार्टीको कार्यनीति निर्धारित गर्नु,

(इ) विधानमा संशोधन गर्नु,

(ई) राष्ट्रिय परिषद् को सदस्य र वैकल्पिक सदस्यको संख्या निर्धारित गर्नु र चुन्नु,

(उ) हिसाब जांच-समिति को कार्यविवरण सुन्नु र स्वीकार गर्नु

(ख) महा अधिवेशन दुई वर्षमा एक पटक हुनेछ । तर राष्ट्रिय परिषदले आवश्यक ठानेमा अगावै बोलाउन सक्दछ ।

(ग) गत महा अधिवेशनमा निश्चित पार्टी को कूल सदस्यताको



एक तिहाई सदस्यताको प्रतिनिधित्व हुने गरी तल्लो संगठनहरुले महा-अधिवेशन माग गरेमा राष्ट्रिय परिषद्ले छ महिना भित्रमा महा अधिवेशन बोलाउनु पर्छ ।

(घ) यदि राष्ट्रिय परिषद्ले धारा २० को "ख" र "ग" अनुसार महा अधिवेशन बोलाएन भने महा अधिवेशन माग गर्ने संगठनहरूलाई महा अधिवेशन तयारी समिति गठन गर्ने अधिकार रहनेछ । महा अधिवेशन आयोजन गर्ने जुन अधिकार राष्ट्रिय परिषद्लाई प्राप्त छ ती अधिकार उक्त महा अधिवेशन तयारी समितिलाई स्वतः प्राप्त हुनेछ ।

(ङ) महा अधिवेशनमा उपस्थित प्रतिनिधिहरूले पार्टी को कूल सदस्यता को पचास प्रतिशत सदस्यता को प्रतिनिधित्व गरेको हुनुपर्छ ।

(च) महा अधिवेशनले आफ्नो काम चलाउँन विभिन्न आयोगहरू गठन गर्नेछ । जुन काम सकेपछि स्वतः ती समितिहरू विघटन हुनेछ ।

धारा २१–राष्ट्रीय परिषद् ।

(क) राष्ट्रिय परिषद् दुई महा अधिसेशन बीचको सर्वोच्च संगठन हुनेछ । पार्टी महा अधिवेशनको फैसलाको विपरीत नगैकन महत्वपूर्ण सवालहरूमा निर्णय दिनेछ ।

(ख) राष्ट्रिय परिषद्ले महा अधिवेशन बोलाउनेछ । महाअधिवेशनको सूचना र दस्तावेजहरू कमसेकम दुई महिना अगावै पठाउनुपर्छ । तर असाधारण महाअधिवेशनको सूचना र दस्तावेजहरू कम से कम एक महिना अगावै पठाउनुपर्छ ।

[ग] राष्ट्रिय परिषद्को दुई तीहाइ सदस्यताको बहुमतले सँकट कालीन परिस्थितिमा महाअधिवेशन एक वर्षसम्म पर सार्न सक्दछ । अरू थप समय सम्म परसार्नु परेमा बहुमत पार्टी सदस्यहरूको प्रतिनिधित्व गर्ने बहुमत जिल्ला समितिको स्वीकृति लिनु पर्नेछ ।

[घ] राष्ट्रिय परिषद्ले महाअधिवेशनको लागि प्रतिनिधिहरू को संख्याको अनुपात निर्धारित गर्नेछ ।

(ङ) राष्ट्रिय परिषद्ले राष्ट्रिय कार्यकारिणी समितिको सदस्य र वैकल्पिक सदस्यको संख्या तोकि चुन्नेछ ।

(च) राष्ट्रिय परिषद्को कुनै स्थान स्थायी या अस्थायी रूपले खाली हुन गएमा उक्त ठाउँ राष्ट्रिय परिषद्ले वैकल्पिक सदस्यहरू बाट क्रमिक संख्या मुताबिक पूर्ति गर्नेछ। वैकल्पिक सदस्यलाई बैठकमा सल्लाह र राय दिने अधिकार मात्र रहनेछ ।

पूरा सदस्य अनुपस्थित भएको बेलामा वैकल्पिक सदस्यले क्रमिक संख्या मुताबिक पूरा सदस्य को रूपमा बैठकमा भाग लिनेछ ।

(छ) राष्ट्रिय परिषद्ले हिसाब जांच-बुझ समिति को चुनाउ गर्नेछ र उक्त समितिले आफ्नो कामको विवरण दिनेछ ।

(ज) राष्ट्रिय परिषद्को वैठक हरेक आठ महिना भित्रमा हुनेछ । आवश्यक परेमा राष्ट्रिय कार्यकारिणी समितिले राष्ट्रिय परिषद को बैठक अरू बेला पनि बोलाउन सक्दछ ।

धारा २२–राष्ट्रिय कार्यकारिणी समिति :–

(क) राष्ट्रिय कार्यकारिणि समितिले दुई राष्ट्रिय परिषद् को बीच राष्ट्रिय परिषद् को प्रतिनिधित्व गर्नेछ साथै महाअधिवेशन र राष्ट्रिय परिषद् को फैसलाल।ई लागू गर्नेछ ।

(ख) राष्ट्रिय कार्यकारिणी समितिले पार्टीको महामन्त्री, कोषाध्यक्ष र एकाउन्टेण्ट चुन्नेछ । साथै महामन्त्री सहितको मन्त्री परिषद् पनि चुन्नेछ। मंत्री परिषद्ले राष्ट्रिय कार्यकारिणी समितिले खटाएको दैनिक काम गर्नु को साथै दुई राष्ट्रिय कार्यकारिणी समितिको बीच राष्ट्रिय कार्यकारिणी समितिको प्रतिनिधित्व गर्नेछ ।

(ग) राष्ट्रिय कार्यकारिणी समितिको कुनै स्थान स्थायी या अस्थायी रूपले खाली हुन गएमा उक्त ठाउँ राष्ट्रिय कार्यकारिणी समितिले वैकल्पिक सदस्यहरू बाट क्रमिक संख्या मुताबिक पूर्ती गर्नेछ । वैकल्पिक सदस्यलाई बैठकमा सल्लाह र राय दिने अधिकार मात्र रहनेछ । पूरा सदस्य अनुपस्थित भएको बेलामा वैकल्पिक सदस्यले क्रमिक



संख्या मुताबिक पूरा सदस्यको रूपमा बैठकमा भाग लिनेछ ।

(घ) राष्ट्रिय कार्यकारिणी समितिको बैठक हरेक चार महिनामा हुनेछ । आवश्यक परेमा मंत्री परिषद्ले अरू बेला पनि बोलाउन सक्दछ ।

(ङ) राष्ट्रिय कार्यकारिणी समितिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा र अन्य पार्टीहरूसंगको सम्बन्धमा पार्टीको प्रतिनिधित्व गर्नेछ ।

(च) राष्ट्रिय कार्यकारिणी समितिले काम सुचारू रूपले चलाउन विभिन्न विभागहरू गठन गर्नेछ ।

धारा २३-दुई महाअधिवेशन बीच राष्ट्रिय परिषद्ले अखिल नेपाल पार्टी सम्मेलन बोलाउन सक्दछ। यो सम्मेलनमा राष्ट्रिय परिषद् द्वारा निर्धारित संख्यामा अञ्चलीय या जिल्ला समितिका निर्वाचित प्रतिनिधिले भागलिनेछ । सम्मेलन ले पार्टीको नीति निर्धारित गर्नुको साथै राष्ट्रिय परिषद्का एक चौथाई सम्म सदस्य र वैकल्पिक सदस्य बढाउन या घटाउन सक्दछ ।

## भाग पाँच

# अञ्चलीय संगठन

धारा २४–अंचलीय सम्मेलन :–

(क) अंचलीय सम्मेलन अंचलको सर्वोच्च संगठन हुनेछ । यसको काम र अधिकार निम्न प्रकार हुनेछन् :–

(अ) अञ्चलीय समितिले पेश गरेको कार्यको विवरणमा छलफल गरी निर्णय दिनु ।

(आ) अञ्चलीय समस्यामा छलफल गरी पार्टीको कार्यक्रम औ कार्यनीतिको आधारमा अञ्चलको कार्यक्रम र कार्यनीति निर्धारित गर्नु ।

(इ) अञ्चलीय समितिको सदस्य संख्या निर्धारित गरी चुन्नु ।

(ई) पार्टी महाधिवेशनको लागि केन्द्रिय समिति को निर्देशानुसार प्रतिनिधि चुन्नु ।

(ख) अंचलीय सम्मेलन वर्षमा एक पटक हुनेछ । अंचलीय समितिले आवश्यक ठानेमा अगावै बोलाउन पनि सक्दछ । केन्द्रिय समिति को निर्देशानुसार अथबा गत अंचलीय सम्मेलनमा निश्चित कूल सदस्यताको एक तिहाई सदस्यताले मॉग गरेमा अंचलीय समितिले सम्मेलन बोलाउनु नै पर्छ ।

धारा २५--अंचलीय-समिति :-

(क) अंचलीय समिति दुई अंचलीय सम्मेलन बीचको सर्वोच्च संगठन हुनेछ । यस्ले सम्मेलनको निर्णय लागु गर्नेछ । माथिल्लो समिति को निर्णय या आदेश पालन गर्नेछ ।

(ख) अंचलीय समितिको दैनिक काम चलाउन मन्त्री सहितको मन्त्री परिषद चुन्नेछ ।

(ग) अंचलीय समितिको बैठक वर्षमा दुई पटक हुनै पर्छ । आवश्यक परेमा मंत्री परिषदले अरु बेला पनि बोलाउन सक्दछ ।

(घ) अंचलीय समितिले सम्मेलन बोलाउनेछ औ सम्मेलनको लागि प्रतिनिधिहरुको संख्याको अनुपात निर्धारित गर्नेछ ।

धारा २६--दुई सम्मेलन बीच अंचलीय समितिले आफ्नो मातहतका तल्लो समितिका प्रतिनिधिहरूको विस्तारित सभा बोलाउन सक्दछ । विस्तारित सभाले तात्कालिक अंचलीय समितिका एक चौथाइसम्म सदस्य बढाउन या घटाउन सक्दछ ।

भाग ६

# जिल्ला, एरिया, शहर र गाउं

# संगठन

धारा २७--जिल्ला, एरिया, शहर र गांउ संगठनको नियम आफ्नो स्तरमा अंचलकै झै हुनेछ । औ आफूभन्दा माथिल्लो संगठनको मातहतमा रही काम गर्नु पर्छ ।

धारा २८--जिल्ला सम्मेलन वर्षमा एक पटक हुनेछ । और आवश्यक परेमा जिल्ला समितिले अगावै बोलाउन सक्दछ ।

धारा २९--जिल्ला र एरिया समितिको बैठक दुई महिनामा एक पटक हुनै पर्छ । शहर र गॉउ समितिको बैठक महिनामा दुई पटक हुनै पर्छ ।

धारा ३०--जिल्ला संगठनलाई साधारण किसिमले सदस्यता प्रदान गर्ने अधिकार रहनेछ । जिल्ला संगठनले तल्लो संगठनलाई यो अधिकार दिन सक्दछ ।

धारा ३१--धारा '२' को 'ख' अनुसार सदस्यता दिने समय बढाउने अधिकार सदस्यता प्रदान गर्ने संगठनलाई हुनेछ ।

भाग ७

# प्राथमिक संगठन

धारा ३२--प्राथमिक संगठन :–

(क) कल-कारखाना, टोल, शिक्षण संस्थाहरू आदि ठाउमा जहाँ तीन या त्यसभन्दा बढी सदस्यहरू हुनेछन्, पार्टी प्राथमिक संगठन गरिनेछ। एक पार्टी प्राथमिक संगठनमा नौ जना सम्म सदस्यहरू हुनुपर्छ।

(ग) नयां सदस्य बनाउनु, सदस्यता शुल्क र चंदा उठाउनु, सदस्य को काम, व्यवहार आदिमा ध्यान राख्दै तमाम सदस्यहरूलाई अनुशासन पालन गराउनु;

(घ) सदस्यहरूलाई मार्क्सवाद-लेनिनवाद र पार्टीद्वारा निर्धारित पाठ्यक्रम अध्ययन गराउनु, पार्टी जीवन, नीति र अनुभवदेखि शिक्षित गराई उनिहरूको सैद्धान्तिक स्तर उठाउनु र सैद्धान्तिक सुधारवाद र जड़सूत्रवादको डटेर विरोध गर्नु।

(ङ) आलोचना र आत्मआलोचना सक्रिय रूपले गरि काम गर्दा भएको भूल र कमजोरी हटाई एक अनुशासित कम्युनिष्ट बनाउनु।

भाग आठ

# पार्टीफ्र्याक्शन

धारा ३४–पार्टी फ्र्याक्शनः—

(क) अन्य संगठनहरूमा तीन या त्यसभन्दा बढ़ी सदस्यहरू काम गर्छन् भने उक्त संगठनमा पार्टी फ़्र्याक्शन गठन हुनेछ। फ्र्याक्शनको काम पार्टी सदस्यहरूको नेतृत्व गर्नु र पार्टी नीति अनुसार उक्त संगठनमा काम गर्नु हुनेछ।



(ख) प्राथमिक संगठनको कामचलाउन एक मंत्री र सहायक मंत्री चुनिनेछन् औ माथिल्लो संगठनबाट त्यसको स्वीकृति लिनुपर्छ।

(ग) प्राथमिक संगठनको बैठक हरेक हप्तामा हुनैपर्छ।

धारा ३३--प्राथमिक संगठनको काम र कर्तव्य निम्न प्रकार हुनेछन् :–

(क) पार्टी सिद्धान्त र पार्टीको निर्णयलाई जनता बीच पुरयाउनु र व्यवहारमा ल्याउनु। पार्टी-ध्येयप्रति निष्ठा, विचारधारात्मक दृढता तथा कम्युनिष्ट नैतिकताको भावनामा शिक्षित गराउनु।

(ख) जनताको माँग र भावनामा बराबर ध्यान दी माथिल्लो संगठनमा बराबर विवरण दिनु, जनताको राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक जीवनमा ध्यान दी उनीहरूको समस्या हल गर्न जनतालाई संगठित गरी मद्दत गर्नु, देशको राजनैतिक समस्यामा जनतालाई नेतृत्व दिनु;

(ख) अन्य संगठन भित्रको पार्टी फ्र्याक्शन त्यसै स्तरको पार्टी संगठनको मातहत रहनेछ।

धारा ३५—पार्टीको आमदानीको श्रोत सदस्यता शुल्क, लेभी र अन्य क्षेत्रवाट उठेको चन्दा हुनेछ।

धारा ३६— पार्टी सदस्य र उम्मेदवार सदस्यले महिनाको दश पैसा सदस्यता शुल्क दिनु पर्छ किसानले मौसम अनुसार एकै पटक या पटक पटकगरी एक सय बीस पैसा दिन सक्दछ।

धारा ३७–अन्चलीय संगठनले आफ्नो आम्दानीबाट सयकड़ा दश केन्द्रिय संगठनलाई दिनु पर्छ।

धारा ३८–पार्टीका महामन्त्री र अरू संगठनका मंत्रीहरूले कति सम्म आफ्नो जिम्मेबारीमा खर्च गर्न सक्दछन् सो सम्बन्धित संगठनले निर्णय गर्नेछ।

धारा ३९–पार्टीको प्रत्येक संगठनले आफ्नो आम्दानी खर्चको हिसाब प्रत्येक बैठकमा पेश गर्नु पर्छ।

भाग दस

# अनुशासन

धारा ४०--पार्टीको कुनै संगठनले पार्टीको विधान, फैसलालाई मानेन या अनुशासन भंग गर्‍यो भने माथिल्लो संगठनले अनुशासनको कार्यवाही गर्नेछः- आलोचना गर्नु,त्यस संगठनको नेतृत्वमा आंशिक या पूरै हेर फेर गर्नु अथवा पूरै संगठनलाई भंग गरी नया सदस्य बनाउनु ।

धारा ४१--पार्टीको कुनै एक सदस्यमाथि अनुशासनको कार्यवाही यस प्रकार हुनेछ-चेतावनि दिनु, आलोचना गर्नु, आम सदस्यको बीचमा चेतावनी दिनु या आलोचना गर्नु, सुम्पेको जिम्मेदारी बाट हटाउनु, सदस्यताबाट स्थगित गर्नु अथवा पार्टीबाट निस्कासित गर्नु ।

(क) जो सदस्य तीन महिनासम्म सदस्यता शुल्क दिंदैन, या कुनै काम गर्दैन वा पार्टीदेखि असंबन्धित रहन्छ भने स्वतः पार्टी सदस्यता वाट बंचित भएको मानिनेछ र सम्बन्धित समितिले सदस्यताबाट बंचित गर्नेछ ।

(ख) पार्टी को कुनै तल्लो संगठनको सदस्य जो पार्टीको कुनै उच्च संगठनको सदस्यछ भने तल्लो संगठनले अस्थायी कार्यबाही गर्न सक्छ । तर आफ्नो समितिदेखि बाहिर प्रकाशनमा ल्याउनु हुदैन । उक्त सदस्यको सम्बन्धित उच्च समितिले उक्त कार्यबाहीमा स्वीकृति दिएमात्र कानूनी ठहर्नेछ ।

(ग) प्राथमिक देखि उच्च संगठनका कुनै पनि समितिले एकै चोटि दुई भन्दा बढी आफ्नो सदस्यमाथि अनुशासनको कार्यवाही गर्न सक्दैन ।

(घ) कुनै पनि पार्टी संगनठले आफ्ना समितिका एक चौथाई सदस्यमाथि अनुशासनको कार्यवाही गर्न पाइदैन तर यस्तो स्थिति आइपरेमा सम्मेलन या महाधिवेशन तत्कालै बोलाउनु पर्छ ।



(ङ) उचित कारण नदेखाई लगातार तीनओटा बैठक सम्म उपस्थित नहुने सदस्य आफ्नो समितिवाट स्वतः खारेज हुनेछ ।

धारा ४२–अनुशासनको कार्यवाहीहरूमध्ये पार्टीबाट निष्काषित गनु सर्बभन्दा कठोर दण्ड हो । पार्टी संगठले अनुशासनको कार्यवाही गर्दा सावधानी र बुद्धिमत्तापूर्वक गर्नु पर्छ । उसमाथि लगाइएको दोष र अभियोगको प्रमाणसहित राम्ररी जाँच गर्नु पर्छ र कुन परिस्थितिमा उक्त गल्ति हुन गएको हो यसमा पूरा ध्यान दिनु पर्छ ।

धारा ४३–अनुशासनको कार्यवाही सदस्यको उपस्थितिमा हुनु पर्छ । खास परिस्थितिमा मात्र सदस्यको अनुपस्थितिमा कार्यवाही गर्न सकिन्छ तर माथिल्लो समितिको पहिलेनै अनुमति लिनु पर्छ ।

धारा ४४--कुनै सदस्यमाथि अनुशासनको कार्यवाही गर्दा सम्बन्धित समितिको दुई तीहाइ बहुमतले मात्र गर्न सक्छ । तर आफुभन्दा माथिल्लो समितिवाट स्वीकृति लिनु पर्छ ।

धारा ४५--कुनै नेतृत्वदायी संगठनको सदस्यमाथि अनुशासनको कार्यवाही गर्नु पर्दा उसलाई चुनेको सम्मेलन या महाधिवेशनले मात्र गर्न सक्दछ तर आवश्यक परिस्थितिमा सम्बन्धित समितिको दुई तीहाइ बहुमतले मात्र कार्यवाही गर्न सक्दछ । यसको स्वीकृति सम्मेलन वा महाधिवेशनवाट लिनु पर्छ ।

धारा ४६--जुन पार्टी संगठन या सदस्यमाथि अनुशासन को कार्यवाही गरिएकोछ उसलाई यस विषयको कारण साथ पूर्ण सूचना दिनु पर्छ । यदि उक्त अनुशासनको कार्यवाहीलाई अन्यायपूर्ण ठान्दछ भने उक्त मामलाको फेरि विचार गर्ने माग गर्न सक्दछ अथवा यसको विरोधमा माथिल्लो समिति, सम्मेलन र महाधिवेशन सम्म आफ्नो सम्बन्धित समितिद्वारा या स्वयम् उजुर गर्न सक्दछ । हरेक स्तरका पार्टी संगठनले यस्तो उजुरलाई सम्बन्धित ठाउमा पुर्‍याउनु पर्छ । ढीलो गर्न वा लुकाउनु अवैधानिक ठहरिनेछ ।

भाग एघार

# नियम र विधानमा संशोधन

धारा ४७-पार्टी संगठनको मूलभूत सिद्धान्त र विधानको विरोधमा नगै आवश्यक परेमा सम्बन्धित संगठनले कार्य संचालन गर्नको लागि नियम बनाउन सक्दछ । तर यसको स्वीकृति माथिल्लो समितिवाट लिनु पर्छ ।

धारा ४ --विधानमा संशोधन पार्टी महाधिवेशनले मात्र गर्न सक्दछ ।*

---

*पार्टी को हर महाधिवेशन, यसभन्दा पहिले भएको पार्टी महाधिवेशन द्वारा स्वीकृत पार्टी विधान अन्तरगत नै हुनेछ । यस पार्टी विधान लाई वास्ता नगरी मनमानी गरिएको महाधिवेशन पार्टी महाधिवेशन नभै पार्टी-विरोधी महाधिवेशन नै हुनेछ । र यस्तो गैर-वैधानिक महाधिवेशन ले पास गरेको विधान नत पार्टी विधान मानिनेछ ।

पार्टी को चालु विधानले नवांधिएको सम्मेलन या महाधिवेशनको एकमात्र उद्देश्य स्पष्टतः पार्टी लाई तोड़ फोड़ गर्ने सम्मेलन या महाधिवेशन भएको हुंदा यस्तो कार्य पार्टी-विरोधीहरू द्वारा मात्र हुने हुंदा यस्तो गुट लाई पार्टी-विरोधी गुट मानिनेछ ।

मुद्रक :
युगीन प्रिण्टर्स, १७३५/३, कोटला मुबारकपुर।
नई दिल्ली-११०००३